# देवदह नगरपालिकाका प्रमुख श्री हिराबहादुर खत्रीज्यूद्वारा आ.व.२०७५।०७६ का लागि तेस्रो नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम -२०७५

सम्मानित सभाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विभिन्न संघ-संस्थाका प्रमुख एवं प्रतिनिधि, नगरपालिकाका कर्मचारी, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थीत सम्पूर्ण महानुभावहरु !!!

देवदह नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित छु । नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानको उपलब्धि स्थानीय सरकार हो । अतः यस अवसरमा म लोकतन्त्र प्राप्तिको लागि लामो संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनको क्रममा घाइते र वेपत्ता हुनुभएका नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।
भगवान गौतम वुद्धको मावली कोलिय राज्यको राजधानी देवदहको नामबाट नामाङ्कित यस नगरपालिकाले लोकतन्त्रको आधारभूत मूल्य मान्यता वहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्णरुपमा प्रतिवद्ध रहेको कुरा म आदरणीय महानुभावहरु प्रति जानकारी गराउन चाहन्छु साथै लोकतन्त्रलाई सामाजिक जीवन पद्दतीका रुपमा स्थापित गर्ने कुरामा पनि नगरपालिका सदैव प्रयत्नशील छ । त्यस्तै गरी शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सवै नगरवासीले गर्न सकुन भन्नेमा हामी सदैव सचेत रहेका छौं ।
नगरको आर्थिक, सामाजिक, साँस्कृतिक साथै भौगोलिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि वढ्न यस नगरपालिका दृढ रहेको छ । तदनुरुप योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कार्यहरु गर्न हामी सदैव प्रयत्नशिल छौं ।
आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमको लक्ष्य **"पर्यटन कृषि र पूर्वाधार समृद्ध देवदहको मूल आधार"** रहेको छ । संघियताको कार्यान्वयनसँगै सिंहदरवारको अधिकार जनताकोवीचमा पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । अव म चालु आर्थिक वर्ष २०७४/०७५ मा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई वुँदागत रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

## १ कृषि तथा पशु सेवा कार्यक्रमः

कृषि विकास कार्यक्रम अन्तर्गत चालु आ.व.मा कृषक समूह र सहकारीलाई थप ९० विगाहा जमिनमा सिंचाई सुविधा उपलब्ध गराईएको छ । हालसम्म नगरपालिकाको ५ सय ३४ हेक्टर जमिनमा वाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुने व्यवस्था भएकोछ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि यन्त्र, उपकरण, मल, विउ उपलब्ध गराई उत्पादन र उत्पादकत्व वृद्धि गरि समग्र कृषि क्षेत्रको दिगो एवमं आत्मनिर्भर र व्यवसायिक कृषि क्षेत्रको विकास गरिएको छ । यसबाट ३ सय ५० परिवार लाभान्वित भएका छन् । विपन्न लक्षित वर्ग अन्तर्गत, ७ सय परिवारलाई उन्नत तरकारी

मिनिकिट उपलब्ध गराईएकोछ, जसबाट पोषणमा समेत सुधार आउने अपेक्षा गरिएकोछ । प्राङ्गारिक तरकारीखेती, च्याउ र मौरीपालक कृषकहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिएकोछ । कृषकको आयस्तर वृद्धि गर्ने उद्देश्यले अनुदानमा च्याउ खेती तालिम र विउ उपलब्ध गराईएको छ । कृषि उत्पादनमा आत्मनिर्भर देवदह नगरपालिकालाई व्यवसायीक र निर्यातमूखी कृषिउपज उत्पादनमा जोड दिइएकोछ । चालु आ.व.मा माटो परीक्षण शिविर संचालन गरी माटोको उर्वराशक्ति बढाउनका लागि प्राङ्गरिक मल, ढैचा, जिङ्क उपलब्ध गराईएकोछ । मत्स्यपालक कृषकहरुलाई तालिम संचालनका साथै कृषि चुनको प्रयोग गरी पानीको गुणस्तरमा सुधार भई माछा उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ । पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भाधान १० हजार ६ सय ४२ वटा गाई/भैसिलाई र वोयर जातका वोका वितरण गरिएको छ । ९ सय ७ घर परिवारलाई हिउदे वर्षे घाँस विउ वितरण सम्पन्न गरिएकोछ । आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणको औषधी १ हजार पशुलाई वितरण गरिएको छ । पिछडिएका महिलालाई कुखुरा चल्ला वितरण गरिएको र मासु पसलको अनुगमन सम्पन्न गरिएकोछ ।

## २. महिला, वालवालिका, अपाङ्ग, दलित, युवा, जेष्ठ नागरिक लक्षित कार्यक्रमः

नगरपालिकाको सवै वडामा दुई पटकसम्म **"घुम्ती जेष्ठ नागरिक परिचय पत्र वितरण अभियान"** संचालन गरिएको छ । जसबाट हालसम्म करिव ३ हजार ६ सय जनालाई परिचय पत्र वितरण गरिएको छ । महिला समूह गठन र क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत वडा नं. ६ को सरनटाँडी र वडा नं. ११ को कदमीपुरका ९५ जना महिला समूहमा आवद्ध भएका छन् । व्यवसायिक तरकारी खेती तालिम पनि दिइएको छ । चालु आ.व.मा व्यवसाय स्थापनाको लागि कृषक समूहलाई अनुदान दिई कृषि व्यवसायमा आर्कषित गरिएको छ । नेतृत्व विकास र संस्थागत तालिम संचालनको क्रममा रहेकाछन् ।
महिला लक्षित कार्यक्रम अन्तर्गत लघुउद्यम तालिम तर्फ सिलाई कटाई, वुटिक (हाते कढाई) र व्युटिपार्लर तालिम संचालन गरिनुका साथै प्रविधि हस्तान्तरण गरिएको छ । लैंगिक हिंसा न्यूनिकरण, उद्घोषण, प्रस्ताव प्रतिवेदन लेखन लगायत महिलाहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रम सम्पन्न गरिएकोछ । वडाका विभिन्न आमा समूह र महिला समूहहरुको भवन निर्माण कार्य अगाडि बढाईएकोछ । यसै गरी महिला लक्षित कार्यक्रम अन्तर्गत कानुनी परामर्श, सेनेटरी प्याड निर्माण, अचार तालिम, चुरामा वुटिक भर्ने, ढकिया निर्माण तालिम, पोते डिजाईन तालिम र सहिद परिवारलाई सिलाई मेसिन वितरण कार्यक्रम संचालन गरिएको छ । वडा नं. २, ५, १० र १२ मा महिला प्रजनन तथा पाठेघर सम्बन्धि निःशुल्क स्वास्थ्य शिवीर संचालन गरिएकोछ ।
युवा लक्षित कार्यक्रम अन्तरर्गत हाउस वायरिङ्ग तालिम सम्पन्न भएको छ साथै आदिवासी जनजाति तर्फ प्लम्विङ र कुक तालिम सम्पन्न भएको छ । लोक सेवाको तयारी कक्षा पहिलो पटक वडा नं ११ र १२ मा संचालन गरिएको छ । लागु औषध नियन्त्रण कार्यक्रम विद्यालयस्तरमा संचालन गरिएकोछ । वडा नं. ७ मा लागु पदार्थको दुर्व्यसन नियन्त्रणका लागि विशेष कार्यक्रम संचालनमा रहेकोछ ।
नगरभित्र रहेका आदिवासी जनजाती मध्ये गुरुङ्ग, मगर र थारु जातिका जातिय संस्कृती झल्कने रितिरिवाज, भेषभुषा रहनसहनको समेत थप अनुसन्धान गरी अडियो भिडियो सहितको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएकोछ ।

दलित तर्फ दलित महिलाहरुलाई सिलाई कटाई र चुरामा वुटिक राख्ने तालिम संचालन गरिएको छ। साथै दलित भवन निर्माण कार्य अगाडि बढाईएको छ।

जेष्ठ नागरिकलाई सरल र रमणीय जीवनयापन गर्न सक्ने बनाउन शितलनगर दुर्गा मन्दिर क्षेत्रमा जेष्ठ नागरिक मिलन केन्द्रको निर्माण कार्य अगाडि बढाईएको छ। जेष्ठ नागरिकको सम्मान कार्य नियमित र निरन्तर रुपमा संचालन गरिएको छ। साथै जेष्ठ नागरिकलाई कम्बल वितरण गरिएकोछ।

वालमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका सवै विद्यालयमा विद्यालयस्तरीय वाल क्लव, प्रत्येक वडामा वडा वाल क्लव र नगर स्तरमा नगर स्तरीय वाल संजाल गठन गरिएको छ । वालमैत्री अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ । हाजिरी जवाफ, वक्तृत्वकला, लेख, रचना संचार, माध्यमबाट प्रकाशन कार्य पनि अगाडि बढाइएको छ।

मधेसी, मुस्लिम तथा पिछडा वर्ग लक्षित योजना अन्तर्गत मुसहरलाई लघु उद्यम तालिम सम्पन्न गरिएको छ। वडा नं. १ मा मस्जिद निर्माण सम्पन्न गर्नुका साथै सीपमूलक तालिम अन्तर्गत सिलाई कटाई तालिम संचालन गरिएको छ।

अपाङ्ग तर्फ लघु उद्यम कार्यक्रम अन्तर्गत वोयर जातको वाख्रा र बोका वितरण गरिएको छ। अपांग तथ्याङ्क अद्यावधिक गर्ने क्रममा वडा नं. ११ र १२ को पनि उक्त कार्य सम्पन्न गरि नगरस्तरीय अपाङ्गको तथ्याङ्क एकिन हुने विश्वास लिईएको छ । अपाङ्गता भएकाहरुलाई ह्विल चियर र जाडो मौसममा व्लाङकेट वितरण गर्ने कार्य सम्पन्न गरिएको छ। अपाङ्गता भएका वालवालिकालाई क्षैक्षिक सामग्री वितरण गरिएको छ। फरक क्षमता भएका वालवालिकाको पठनपाठनमा सहयोग सामग्री प्रदान गरिएको छ।

**३. शैक्षिक कार्यक्रम :**

नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय वनाउने प्रयोजनार्थ आवश्यक नीतिगत व्यवस्था गरि विभिन्न कार्यहरु सम्पन्न गरिएको छ। सामुदायिक र संस्थागत विद्यालयहरुमा नियमित अनुगमन कार्य अगाडि बढाइएको छ। **"नगर विकासको मूल आधार, देवदहको शैक्षिक एवम् भौतिक पूर्वाधार"** भन्ने मान्यताका साथ नगरस्थित विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण कार्यमा सहयोग गरिएको छ । स्थानीय पाठ्यक्रममा आधारित वौद्ध शिक्षा र देवदह परिचय नामक पुस्तक चालु आ.व. मा सामुदायिक र संस्थागत विद्यालयको क्रमशः कक्षा ६ र ७ मा संचालन गरिएको छ । देवदह नगरपालिका स्थानीय पाठ्यक्रम लागू गर्ने पहिलो स्थानीय तह भएको छ। यस क्रममा पाठ्यपुस्तक प्रवोधिकरण कार्यक्रम पनि संचालन गरिएको छ।

विद्यार्थी भर्ना अभियान कार्यक्रम अन्तर्गत नगरस्थित सामुदायिक विद्यालयमा भर्ना हुन थप अभिप्रेरित गरिएको छ । **"एक विद्यार्थी भर्ना मेरो सामाजिक दायित्व"** अन्तर्गत जनप्रतिनिधिहरुले विभिन्न विद्यालयमा वालवालिकाहरुलाई भर्ना गरी सामाजिक दायित्व वहन गर्नुभएको छ।

**४. स्वास्थ्य सेवा कार्यक्रमः**

नगरपालिकास्थित तीनवटा हेल्थ पोष्ट क्रमशः देवदह, केरवानी र सिक्टनको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नती कार्य सम्पन्न भएको छ । सिक्टहन हेल्थ पोष्टमा ल्याव सहीतको "सुत्केरी सेवा" वर्थिङ्ग

सेन्टर सञ्चालनको कार्य अगाडि बढेको छ । भवन निर्माण चालु आ.व.मा सम्पन्न हुने लक्ष्य लिइएको छ । छाला तथा कुष्ठ रोग सम्बन्धि शिवीर संचालन गरिएको छ ।
सुत्केरी सेवा संचालनमा रहेका देवदह र केरवानीका हेल्थ पोष्टमा नेपाल सरकारको पञ्जिकरण अन्तर्गत नवजात शिशुको जन्मदर्ता कार्यको लागि कम्प्युटर र प्रिन्टर उपलब्ध गराईएको छ । यसबाट जन्मदर्ता कार्य थप व्यवस्थित हुने अपेक्षा गरिएकोछ ।
नगरपालिकाको वडा नं. ४ भवानीपुर र वडा नं. १० को चरङ्गेमा शहरी स्वास्थ्य केन्द्र मार्फत सेवा प्रवाह भैरहको छ । नगरपालिकाको वडा नं. ६ मा वाह्य खोप केन्द्र निर्माणाधिन रहेको छ । हेल्थ पोष्टहरुमा कर्मचारी व्यवस्थापनमा सहयोग गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकाको स्तरवृद्धि र क्षमता विकास कार्य संचालन गरिएको छ । स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम पनि संचालन गरिएको छ ।

**५. सार्वजनिक सेवा प्रवाह तथा सुशासनः**
स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु तत्-तत् वडा कार्यालयहरुबाट नै सम्पादन हुन सक्ने व्यवस्था अनुरुप चालु आ.व.मा वडा नं. ५, ६, ९ १०, ११ र १२ मा वडा कार्यालयहरु संचालन गरी सेवा प्रवाह गरिएको छ । त्यस्तै गरी वडा नं १ देखि ४ सम्मको सेवा संयुक्त वडा कार्यालय ढेकावर र वडा नं. ७ र वडा नं. ८ को सेवा संयुक्त वडा कार्यालय शितलनगरमा संचालन गरिएको छ । २०७५ साल असार महिनाको तेस्रो सातादेखि वडा नं. ४ को सेवा नगरपालिका कार्यालय रहेको केरवानीबाट संचालन गर्ने गरी व्यवस्थापनको काम भैरहेको छ । सवै वडा र संयुक्त वडा कार्यालयहरुमा ई-मेल र इन्टरनेट सेवा जडान भैसकेका छन् ।

**६. केन्द्रीय प्रशासनिक भवनको निर्माण र सेवा संचालनः**
देवदह नगरपालिका वडा नं ४ केरवानीमा निर्माणाधिन देवदह नगरपालिकाको मायादेवि भवनबाट नगरपालिकाको केन्द्रीय प्रशासनिक भवनको रुपमा २०७५ साल असार मसान्तभित्र सम्पूर्ण विषयगत कार्यालय र नगरपालिकाबाट प्रदान गरिने सेवा संचालन हुन लागेको जानकारी गराउन चाहन्छु । यसबाट देवदहका नगरवासीहरुले  एकद्वार प्रणालीबाट सेवा प्राप्त गर्ने विश्वास गरेको छु ।

**७. विपद् व्यवस्थापन कोषको स्थापना तथा व्यवस्थापनः**
विपद् पिडितहरुको राहत तथा उद्धार कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले चालु आ.व. २०७४/०७५ मा स्थापना गरिएको यस कोषबाट नगरवासी लाभान्वित भएका छन् ।

**८. फोहोर मैला व्यवस्थापन र सरसफाई कार्यक्रमः**
नगरलाई सफा, सुन्दर र हराभरा गराउन नगर सरसफाई अभियानलाई चालु आ.व.मा नियमितता प्रदान गर्ने क्रममा साविक हप्तामा तीनदिनमात्र फोहोर व्यवस्थापन गर्ने कार्यलाई विस्तार गरी चालु आ.व.मा हप्ताको ६ दिन पुर्‍याइएको छ । नगरको मुख्य सडकको ८२ फिट दायाँ-बाँयाँ राखिएका

अस्थायी संरचना हटाउन लगाई नगरको सडकलाई व्यवस्थित गर्ने र सुन्दरता कायम राख्ने कार्य अगाडि बढाइएको छ । सबै वडाका सामाजिक विकासका महत्वपूर्ण कार्यक्रम संचालनका वाहकका रुपमा रहेका टोल विकास संस्थालाई  फोहोर व्यवस्थापन कार्यमा पनि अग्रसर गर्न प्रत्येक टोलमा टोल विकास संस्था गठन र पुनर्गठन गरि डष्टविन वितरण गरिएको छ ।

**९. छाडा चौपाया व्यवस्थापनः**

नगरपालिकामा रहेका छाडा चौपायाहरु नियन्त्रण अभियान संचालन गरिएको छ । वडा नं. १० मा रहेको गौशालालाई थप व्यवस्थित गरिएकोछ ।

**१०. विषयगत शाखा व्यवस्थापनः**

नगरपालिकामा चालु आ.व.मा कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्य र महिला विकास लगायतका विषयगत शाखाबाट साविकमा जिल्ला स्थित कार्यालयबाट प्रदान गरिने सेवाहरु स्थानीय निकायबाटै प्रदान गर्ने लक्ष्य अनुरुप कार्य सम्पादन भैरहेका छन् । सहकारीको दर्ता र नियमनको कार्य पनि चालु आ.व.देखि नगरपालिकाबाट हुने व्यवस्था मिलाइएको छ ।

**११. स्थानीय कानुनको निर्माणः**

नगरपालिकाबाट हालसम्म विभिन्न २८ वटा ऐन नियम, निर्देशिका र कार्यविधि निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

**१२. न्यायिक समिति मार्फत स्थानीय न्याय सम्पादनः**

नगरपालिकाबाट प्रचलित कानुन वमोजिम न्यायिक समिति मार्फत चालु आ.व.मा स्थानीय न्याय सम्पादनको कार्य प्रारम्भ गरिएको छ । न्यायिक समितिको सचिवालय स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ उपदफा १ र २ अनुसारका विवादको मेलमिलाप तथा निरुपण स्थानिय तहबाटै हुने व्यवस्था अनुरुप २०७५ साल आषाढ ८ गतेसम्म न्यायिक समितिमा आएका ७६ वटा मुद्दा मध्ये २२ वटा मुद्दा फछ्र्यौट भएका छन् । त्यस्तै १५ वटा मुद्दा वडा मेलमिलाप केन्द्रमा छलफलको क्रममा रहेका, १५ वटा मुद्दा वडामा मेलमिलापकेन्द्रमा सहमति हुन नसकी न्यायीक समितिमा छलफलको क्रममा रहेका, ४ वटा मुद्दा जिल्ला अदालतमा पठाईएको, १५ वटा मुद्दा म्याद तामेलि भएको र ५ वटा मुद्दा म्याद तामेलिको क्रममा रहेका छन् । ४४ जना मेलमिलापकर्ताहरु न्यायीक समितिमा सूचिकृत भएका छन् । नगरपालिकाका १ देखि १२ नं. वडामा मेलमिलाप संयोजक तोकि मेलमिलापको कार्यलाई सहजता प्रदान गरिएको छ ।

**१३. घरवास पर्यटन (होमस्टे)** :

नगरपालिकाको वडा नं. ६ को सरनटाँडी, वडा नं.३ को शिशुपुर र वडा नं. १० को मुढावासमा होमस्टेको संभाव्यता अध्ययन र तालिम कार्य सम्पन्न गरी तीनै स्थानमा होमस्टे संचालन गर्न **“स्थानीय होमस्टे संचालन समिति”** गठन गरि होमस्टेको कार्य चालु आ.व.मा अगाडि बढाइएको छ ।

**१४. टोल विकास संस्थाहरुको गठनः**

**“नगरको विकास समुदायमा आधारित र समुदायमै नियन्त्रित”** बनाउँदै लैजाने नीति अनुरुप नगरपालिकाका सवै वडाहरुमा टोल विकास संस्थाको गठन गरिएको छ । प्रारम्भमा फोहोर संकलनको लागि डष्टविनको वितरण र व्यवस्थापन कार्यमा सहयोग स्वरुप प्रत्येक टोल विकास संस्थालाई चालु आ.व.मा आर्थिक सहयोग उपलब्ध गराईएको छ । चालु आ.व.को असार महिनाभित्र थप डष्टविन वितरण गरिनेछ ।

**१५. भगिनी सम्बन्ध स्थापनाः**

नगरपालिकालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन साथै विकास र निर्माण कार्यमा अनुभव आदान प्रदान गर्ने क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका नगर तथा शहरहरुसँग “भगिनी सम्बन्ध” स्थापना कार्य अगाडि बढाइने क्रममा चालु आ.व.मा चीन तथा दक्षिण कोरियासँग सम्पर्क राखिएको गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

**१६. बजार अनुगमन र व्यवस्थापनः**

नगरमा रहेका सवै वजारहरुको व्यवस्थापनको लागि चालु आ.व.मा आवश्यक रकम विनियोजन गरिएको छ ।

**१७. पुरातात्विक  एवं धार्मिक महत्वका स्थानहरुको संरक्षण एवं सम्वर्द्धन कार्यक्रमः**

नगरपालिकाको पुरातात्विक एवं धार्मिक महत्व रहेका भवानीपुर, खयरडाडाँ, वैरीमाई र कन्यामाई मध्ये चालु आ.व.मा कन्यामाईमा लुम्बिनी विकास कोषको  सहयोगमा पुरातात्विक वस्तुहरुको उत्खनन कार्य सम्पन्न भएको छ । वडा नं. ९ मा रहेको पुरातात्वीक महत्वको मंगल पुस्कारिणी दह नगरपालिका र लुम्विनी विकास कोषको सहयोगमा संरक्षण एवम् स्तरोन्नति कार्य भैरहेकोछ । धार्मिक महत्वको पाकरी वृक्षको संरक्षण र संवर्द्धन कार्य अन्तर्गत चालु आ.व.मा तारवार लगाउनुका साथै पाकरी वृक्ष जाने बाटो स्तरोन्नती गरी सोलार बत्ति समेत जडान गर्ने कार्यक्रम रहेकोछ ।

**१८. एकीकृत सम्पत्ति करको तयारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम आगामी २०७५ साल साउन १ गतेदेखि मुलुकभरका स्थानीय तहमा जस्तै यस नगरपालिकामा पनि एकीकृत सम्पत्ति कर लागू गर्ने तयारी गरिएको छ ।

**१९. सामाजिक सुरक्षा कार्यक्रमः**

यस नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षमा ४ हजार ५ सय ७७ जना जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गरिएको छ ।

**२०. भौतिक पूर्वाधार निर्माण कार्यक्रम :**
नगरपालिकाको केन्द्रीय प्रशासनिक भवनको रुपमा संचालन हुने भवन चालु आ.व.मा निर्माण कार्य सम्पन्न हुनेछ । त्यसैगरी वहुउद्देश्यीय कोशेली भवन चालु आ.व.मा ई-टेण्डर कार्य पूरा भई निर्माण कार्य अगाडि बढेकोछ । वडा नं. ३, ८ र ११ मा वडा कार्यालय भवन निर्माणको लागि टेण्डर प्रक्रिया पुरा भई निर्माणकर्तालाई निर्माण कार्य संचालन गर्न आवह्‌न गरिएको छ । देवदह नगरपालिकाका सवै वडामा बाटोमा ग्राभेल राखी सडकको स्तरोन्नती गरिएको छ । चालु आ.व.मा नगरपालिकाको विभिन्न वडाहरुमा कालो पत्रे सडक ६ कि.मि. थप भई कालोपत्रे गरिएका सडकको लम्बाई ७० कि.मि. पुगेको छ । साथै जिर्ण भएका कालोपत्रे सडकहरुको मर्मत कार्य गरिएको छ । चरङ्गे मुडावास चौकी भञ्ज्याङ्गको ट्रयाक जोडी चरङ्गे झुम्सा वैकल्पिक सडक मार्ग निर्माण सम्पन्न भएको छ ।

**२१. खेलकुद कार्यक्रम :**
चालु आ.व.मा वडा नं. ५ को पानवारी खेल मैदान वडा नं. ७ को क्रिकेट मैदान, वडा नं. १ को राजावारी खेल मैदान, वडा नं. १० को चरङ्गे खेल मैदान र वडा नं. ६, ८ र ९ को खेल मैदानको स्तरोन्नती कार्य गरिएको छ । यसै गरी चालु आ.व.मा देवदह नगरस्तरीय मेयर कप फुटवल प्रतियोगिता सम्पन्न भएकोछ । नगरपालिकाका विभिन्न वडाहरुमा फुटवल, भलिवल, म्याराथुन दौड, क्रिकेट लगायतका खेलकूद कार्यक्रम सञ्चालन गरी नगरस्तरीय खेलकूद कार्यक्रमलाई प्रोत्साहन गरिएको छ ।

**२२. पर्यटन विकास :**
नगरपालिकालाई पर्यटकीय क्षेत्रको हवका रुपमा विकास गर्ने उद्देश्यका साथ गत आ.व. देखि नै देवदह न.पा.को वडा नं. ७ सितलनगरमा वहुउद्देश्यीय भवन **“कोशेली घर”** निर्माण कार्य सुरु गरिएकोमा चालु आ.वमा समेत यसलाई निरन्तरता दिदै थप कार्यका लागि ई-टेण्डर आव्हान भई सम्झौताको अन्तिम चरणमा रहेकोछ ।
देवदह नगरपालिकाको वडा नं. ४ भवानीपुरमा The Golden Temple Of Loving Buddha निर्माणाधिन छ । यसको निर्माण पश्चात शान्तिका अग्रदुत महामानव गौतम वुद्धसँग सम्बन्धित र ऐतिहासीक, पर्यटकीय क्षेत्रको जानकारी प्रदान गर्न सूचना केन्द्रको रुपमा विकास गर्ने लक्ष्य रहेको छ । देवदह ८ मा स्थापना हुने लुम्बिनी विश्व विद्यालयको आङ्गिक क्याम्पस स्थापना गर्न EIA को प्रकृयामा रहेकोछ ।
देवदहलाई प्राचिन कोलिय राजधानी तथा वुद्धको मावली स्थलको रुपमा रहेको यथार्थलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचय गराउन स्थानीय पाठयक्रम निर्माण गरी यसै वर्षदेखि सामुदायिक तथा संस्थागत विद्यालयहरुमा समेत वौद्धशिक्षा र देवदह परिचय नामक पाठ्यपुस्तक लागू गरिएकोछ ।

२५६२ औं बुद्धजयन्तिको अवसरमा वडा नं. ४ स्थित भवानीपुरमा माननीय पर्यटन मन्त्रीज्यूको समुपस्थितिमा कार्यक्रम सम्पन्न गरिएकोछ ।

**सभाका अध्यक्षज्यू,**

**"पर्यटन कृषि र पूर्वाधार, समृद्ध देवदहको मूल आधार"** भन्ने दीर्घकालीन सोचलाई साकार पार्दै **"सुखी र खुसी देवदहवासी"** सहित समृद्ध देवदहको निर्माण हाम्रो चाहना हो । यसका लागि प्रत्यक्ष जनसहभागिता अभिवृद्धि गर्दै नगरवासीको चाहना र मागमा आधारित, सन्तुलित र समानुपातिक विकास यस क्षेत्रको भौगोलिक अवस्था अनुरुप उत्पादनमूलक कार्यक्रम तथा विकासका कार्यक्रमहरु संचालन गरी उन्नत, समृद्ध एवं आधुनिक सुविधा सहितको व्यवस्थित नगरको निर्माण गर्ने तर्फ आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, संघीय आवधिक विकास योजना, स्थानीय तहको मध्यमकालीन खर्च संरचना, स्रोत र साधन, विकासका अन्तरसम्बन्धित विषयहरुमा उल्लेखित नीति तथा कार्यक्रमहरु अवलम्वन गरिएको छ । आर्थिक वर्ष २०७५/०७६ लाई **"देवदहवासीको समृद्धि र दिगो विकासको वर्ष"** को रुपमा लिई कार्यक्रमहरु संचालन गरिनेछ । **"गरे के हुँदैन"** भन्ने आत्मविश्वासका साथ कार्यक्रमहरु संचालन गरिनेछ र त्यसको लागि आवश्यक बजेट सहित पूर्वाधार तयार गरी अगाडि बढ्ने वातावरण सृजना गरिनेछ ।

**शैक्षिक विकास :**

१. **"शिक्षा जीवनको मूल आधार हो"**, शिक्षालाई समयानुकुल वनाई शैक्षिक प्रणालीमा रुपान्तरण गरी **"सवैका लागि शिक्षा"** भन्ने नाराकासाथ सवै वालवालिकाहरुलाई विद्यालय भित्र्याउने, सिकाउने र टिकाउने वातावरण तयार गरिनेछ ।

२. कमजोर भौतिक अवस्थाको कारण विद्यालयको पठनपाठन र नतिजामा परेको असरलाई मध्यनजर गरी नगरका सवै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । टिनको छानो भएका विद्यालयहरुमा सिलिङ्ग फल्स (जिप्सन) लगाउने, पंखा नभएको विद्यालयहरुमा सोको व्यवस्था गर्ने, वेन्च डेक्स नभएका विद्यालयहरुमा यसै आ.व.मा सोको व्यवस्था गरिनेछ ।

३. शैक्षिक संस्थाहरुको पठनपाठनलाई थप प्रभावकारी बनाउनको लागि विद्यालयहरुमा **"ई-हाजिरी"** को व्यवस्था गरिनेछ ।

४. किशोरीहरु महिनावारी भएको अवस्थामा विद्यालय नजाने र विद्यालयमा कम उपस्थितको दर कम गर्न र उपलब्धि कम हुन नदिन विद्यालयहरुमा निःशुल्क **"सेनेटरी प्याड"** वितरणको व्यवस्था मिलाईनेछ

५. वालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तयार गरी खेल्दै र सिक्दै नीति अनुसार विद्यालयमा पठन पाठनको व्यवस्था मिलाइनेछ ।

६. सामुदायिक विद्यालयहरुमा टिफिन र छात्रवृत्तिको व्यवस्था गरी विचैमा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने र सिकाई उपलब्धिमा कमी हुने प्रवृत्तिको अन्त्यका लागि उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।

७. विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । विद्यालयको अनुगमन गरी, पूर्ण सरसफाईयुक्त विद्यालय, दरवन्दी मिलान, शिक्षक कर्मचारीहरुको क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।

८.गौतम वुद्धको मावली स्थल र धार्मिक एवं आध्यात्मिक नगरी देवदहलाई वौद्ध शिक्षाको हवको रुपमा विकास गर्न र बौद्ध विश्व विद्यालय संचालनको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

९. यस नगरका सवै सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई वौद्ध शिक्षा र देवदह परिचय नामक स्थानीय पाठ्यक्रम तयार गरी सोही अनुसार पाठ्यपुस्तक कक्षा ६ मा अंग्रेजी र नेपाली माध्यममा र कक्षा ७ मा नेपाली माध्यममा लागू गरिएकोछ । आगामी वर्ष कक्षा ७ मा अंग्रेजी माध्यममा लागू गरिनेछ ।

१०. "**नगर विकासको मूल आधार, देवदहको शैक्षिक तथा भौतिक पूर्वाधार**" भन्ने मान्यताका साथ सम्पूर्ण विद्यालयहरुमा भौतिक, शैक्षिक एवं ICT Based Technology Learning Activities अवलम्बन गर्न व्यवस्थापकीय पक्षमा सुधार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

११. परिवर्तन टाढा छैन, असहज छैन, असम्भव छैन, यसका लागि **"आफैबाट शुरु गरौं"** भन्ने मान्यताका साथ समग्र शैक्षिक प्रणालीलाई सूचकका आधारमा मूल्याङ्कन गरी जवाफदेही, पारदर्शी, उत्तरदायी र जिम्मेवार बनाइनेछ ।

१२. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई नगरपालिकासँग र शिक्षकहरुले प्रधानाध्यापकसँग कार्य सम्पादन करार गरी पठन पाठन कार्यलाई थप प्रभावकारी बनाइनेछ र नतिजाको आधारमा विद्यालय, प्रधानाध्यापक र विषय शिक्षकहरुलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. कक्षा ५ र ८ को परीक्षा नगरस्तरबाटै संचालन गरिनेछ । कक्षा ५, ८, १० र १२ को वोर्ड परीक्षाहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयहरुलाई उपलब्धिको आधारमा थप अनुदानको व्यवस्था गरिनेछ ।

१४. नगरक्षेत्रभित्रका विद्यालयहरुबाट SEE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र/छात्रालाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. विद्यार्थी शिक्षक अनुपातको आधारमा सामुदायिक विद्यालयहरुलाई मर्ज गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. सामुदायिक तथा संस्थागत विद्यालयबीचको शैक्षिक भिन्नता अन्त्य गर्न सिकाई उपलब्धीको आदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ साथै अन्तरविद्यालयबीच आपसी सद्भाव कायम गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**स्वास्थ्य सेवा कार्यक्रम :**

१७. **"स्वस्थ शरिर स्वच्छ मन, देवदह नगरको पहिलो धन"** भन्ने भनाई सहित स्वास्थ्यको क्षेत्रमा जन स्वास्थ्यमैत्री कार्यक्रमहरु संचालनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

१८.नेपाल सरकारले गरेको नीतिगत व्यवस्थाको अनुसरण गर्दै यस नगरमा रहेका सबै स्वास्थ्य चौकीहरुबाट नि:शुल्क औषधि वितरणको कार्यलाई प्रभावकारी बनाइनेछ।

१९.वाल तथा मातृ मृत्युदरलाई कम गर्न सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई स्तरोन्नति एवं सवलीकरण गर्दै चालु आ.व. मा संचालनको क्रममा रहेको सिक्टहन स्वास्थ्य चौकीमा २४ घण्टे प्रसुती सेवा संचालन गरी थप व्यवस्थित गराईनेछ।

२०.स्वास्थ्य सेवा तर्फका कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्दै थप प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा विशेष जोड दिई सोही अनुरुपका कार्यक्रम संचालन गरिनेछ।

२१.महिला स्वास्थ्य, प्रजनन स्वास्थ्य, वाल स्वास्थ्य, पोषण, खोप लगायतका कार्यक्रमलाई विशेष महत्व दिइनेछ। महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धीका लागि तालिम तथा अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ। साथै कार्य सम्पादनको आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुरस्कृत गरिनेछ।

२२.आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच बढाउन नगरको सबै वडामा सहरी स्वास्थ्य क्लिनिकको व्यवस्था क्रमश : लागू गरिनेछ।

२३.देवदह स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी ट्रमा सेन्टर सहित सुविधा सम्पन्न अस्पतालको रुपमा संचालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

२४.मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन, सेवन, आयात र विक्री वितरण कार्यलाई निरुत्साहित गर्न कार्यविधि बनाइने छ। साथै शैक्षिक संस्था तथा सार्वजनिकस्थललाई **"सुर्ती तथा मदिरा निषेधित क्षेत्र"** घोषणा गरिनेछ।

२५.नगरपालिकाभित्र रहेका स्वास्थ्य चौकीहरुको नियमित अनुगमन गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ। मुटुरोग, क्यान्सर, मधुमेह र क्षयरोग जस्ता रोगहरुको सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

२६.आमा सुरक्षा कार्यक्रम, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा र प्रसुति तथा नवजात शिशुहरुलाई न्यानो झोला प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७.खुल्ला दिशामुक्त घोषणा भइसकेको यस नगरपालिकालाई **"पूर्ण सरसफाईयुक्त नगरपालिका"** घोषणाका लागि आवश्यक सूचक पूरा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। आफ्नो टोल समुदायलाई पूर्ण सरसफाईयुक्त बनाउन पहल गर्ने उत्कृष्ट आमा समूह तथा टोल विकास संस्थाका अध्यक्षहरुलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

२८. ZERO HOME DELIVERY अभियानलाई वडा नं ९ बाट शुरु गरी नगरपालिकाका सबै वडाहरुमा लागु गर्न विशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिने छ।

**कृषि तथा पशु सेवा कार्यक्रम :**

२९.निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणलीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु देवदह नगरपालिकाको कृषि सम्बन्धी दीघकालिन नीति हुनेछ।

३०.स्थानिय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिको विकास प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ। साथै कृषिको व्यवसायिकरण तथा विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरु सृजना गरिनेछ।

३१.कृषि क्षेत्रमा संलग्न किसानहरुलाई प्रोत्साहन गरी कृषि सहकारीलाई सवलीकरण गरिनेछ।

३२.कृषि उपजको सहज बजार व्यवस्था मिलाउन कृषि हाटबजारलाई व्यवस्थित गरिनेछ। कृषि तथा पशु विमालाई थप प्रभावकारी बनाउन नेपाल सरकारबाट प्राप्त विमा प्रिमियम वाहेक किसानले वुझाउनु पर्ने विमा प्रिमियम हिस्साको ५०% बराबरको रकम सम्बन्धित किसानलाई अनुदान स्वरुप उपलब्ध गराइनेछ।

३३.दूध उत्पादनमा आत्मनिर्भर यस नगरपालिकालाई पशुपालनमा थप व्यवसायिक बनाउनको लागि पशु नश्ल सुधार गर्दै लैजान सेक्स सिमेन वितरणको कार्यक्रम संचालनमा ल्याईनेछ।

३४.पशु अस्पताल संचालन गरी दुध र गोवर परीक्षण गर्ने व्यवस्था मिलाईने छ। घाँसमा आधारित दूध उत्पादनलाई प्रोत्साहन गरिनेछ।

३५.पशुपालन व्यवसायलाई आकर्षक बनाउनका लागि व्यवसायिक किसानहरुलाई गोठ सुधार कार्यक्रममा ५०% अनुदानको व्यवस्था मिलाईनेछ। साथै उन्नत जातको वाखापालान गर्ने कृषक समूहलाई वोयर जातको उन्नतबोका वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३६.कृषिलाई विशिष्टीरकण गर्दै कृषिमा आधारित रोजगारी अभिवृद्धि गर्न कृषि प्राविधिकसँगको समन्वय र सहकार्यमा **"एक वडा एक उत्पादन"** को नीति लिइ आवश्यक कार्यक्रम संचालन गरिनेछ।

३७.कृषकहरुले कृषि उपजबाट उचित मूल्य प्राप्त गरुन भन्ने उद्देश्यले छिमेकी स्थानीय तहसँगको साझेदारीमा शितगृह निर्माण कार्यको लागि संभाव्यता अध्ययन गरी सोही अनुसार कार्यक्रम संचालन गरिनेछ।

३८.कृषि योग्य जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्नको लागि आवश्यक नीति बनाई लागु गरिनेछ।

३९.**"उत्पादन गरौ, आत्म निर्भर बनौं"** भन्ने सोंचका साथ कृषि कार्यलाई यान्त्रिकीकरण गर्दै सहकारी तथा सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ। कृषियोग्य जमिनको खण्डीकरणलाई रोकी,चाक्लाबन्दी अनुसार खेतीगर्ने व्यवसायीक कृषकलाई, कृषियन्त्र, सिंचाई, विउबिजनमा अनुदानको व्यवस्था गरिनेछ।

४०.कृषिलाई आधुनीकिकरण गर्ने क्रममा नेपाल सरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तहहरुको समन्वय र साझेदारीमा विउ प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिनेछ।

४१.भूमिगत साना सिंचाईको उपयुक्त प्रविधिको प्रयोग गरी वर्षभरी सिंचाई सुविधा पुग्ने थप क्षेत्रको विस्तार गरिनेछ।

४२.युवा मैत्रि आधुनिक प्रविधिको कृषि यन्त्र उपकरण प्रयोगद्धारा व्यवसायिक उत्पादनमा तरकारी, मौरी र च्याउ खेतीमा जोड दिइनेछ।

४३.स्रोत तथा प्रमाणित बिउ उत्पादन गर्ने समूह सहकारी फर्मलाई उत्पादन प्रोसेसिङ्ग, प्याकेजिङ्ग उपकरण अनुदानको व्यवस्था मिलाई आफ्नै नगरमा धान, गहुँ, मुसुरो, आदिको विउ उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

४४.मत्स्य पालन व्यवसायको बिस्तार गरि माछा उत्पादनमा वृद्धि गरी रोजगारीको अवसर प्रदान गर्न मत्य जलाशयक्षेत्र विस्तार गर्ने कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

४५.नगरपालिकामा उत्पादन हुने वालिलाई प्रांगारिक खेतीमा प्रोत्साहन गर्न प्रांगारिक मल उत्पादन, तालिम तथा बजारीकरणको व्यवस्था मिलाईनेछ ।

४६.कृषि पेशामा संलग्न किसानहरुको वर्गीकरण गरी कृषक परिचयपत्र वितरण गर्न कार्यविधि बनाई आवश्यक व्यवस्था मिलाईनेछ ।

४७.समूह/सहकारी क्षेत्रको संलग्नता बढाउँदै वडा नं. ६ केउलीमा गरिने केरा खेतीलाई प्रोत्साहन गरिनेछ ।

४८.नगरमा माटो  परीक्षण ल्याव स्थापना गरी माटो परीक्षण सेवा उपलब्ध गराईनेछ । माटोको उर्वरा शक्ति एकिन गर्न **उर्वरा शक्ति नक्सा** तयार गरिनेछ ।

४९.विषादीबाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यून गर्न एकिकृत शत्रु जीव व्यवस्थापन प्रविधि अपनाई रसायनिक विषादीको प्रयोग कम गर्दै लगिनेछ ।

५०.युवा जनशक्तिलाई प्राविधि, सीप र पुँजि उपलब्ध गराई कृषि क्षेत्रमा आकर्षित गर्दै कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।

५१.व्यवसायिक वगैचा स्थापना गर्न चाहने कृषकलाई अनुदानको व्यवस्था गरिनेछ । यसले फलफुल उत्पादनका साथै पर्यावरणमा सहयोग पुग्नेछ ।

५२.प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**पर्यटन विकास :**

५३.लुम्बिनी भ्रमण गर्ने पर्यटकहरुलाई गौतम बुद्धको मावलीस्थल देवदहमा भित्र्याउन बुद्ध सर्किट सम्बन्धी अवधारणलाई मुर्त रुप दिन लुम्बिनी विकास कोष लगायतका सम्बद्ध निकायसँग समन्वय गरिनेछ ।

५४.देवदह क्षेत्रमा रहेका पुरातात्विक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।

५५.लुम्बिनी बौद्ध विश्व विद्यालयको आंगिक क्याम्पस स्थापनाको कार्य अगाडि बढिसकेको छ । यसलाई मुर्तरुप दिन सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

५६.आदीवासी, जनजातीको रुपमा वसोवास गर्दै आएका समुदायको संस्कृतिको संरक्षण, संवर्द्धन र पर्यटन क्षेत्रको विकास गर्न शिशपुरमा थारु होमस्टे संचालन र मगर संस्कृतिको संरक्षण र पवर्द्धन गर्न सरनटाँडीमा मगर होमस्टेको प्रक्रिया अगाडि बढीसकेकोले होमस्टे पूर्वाधारको थप आवश्यक व्यवस्था मिलाईनेछ । यसै गरी वडा नं. १० को मुढावासमा होमस्टे कार्यक्रम संचालन गर्न पूर्वाधार विकास गरिनेछ ।

५७.आगामी आ.व.मा साविकको नगरस्तरीय पर्यटन गुरुयोजनालाई परिमार्जन सहित पूर्णता दिइनेछ ।

५८.नगरभित्र रहेका मठ मन्दिर, डिउहार, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण र संवर्द्धन गरिनेछ । साथै पुरातात्विक स्थल खयरडाँडाँ, भवानीपुर, वैरीमाई, कन्यामाई लगायतका पुरातात्विक क्षेत्रमा भू-भौतिक

सर्वेक्षण (Geo Physical Survey) गरी उत्खनन कार्यलाई लुम्विनी विकास कोषको सहकार्यमा अगाडि बढाइनेछ ।

५९.देवदहको परिचयको रुपमा रहेको पाकडी बृक्ष स्थल र आसपासको क्षेत्र व्यक्तिको निजी जग्गा धनी प्रमाण पूर्जाभित्र रहेकोले उक्त क्षेत्रलाई सार्वजनिकीकरण गर्नका लागि आवश्यक पहल गरिने छ ।

६०.नगरक्षेत्र भित्र रहेका मायादेवी पार्क देवदह- ८, यशोधा पार्क देवदह-७, दाउन्ने पिकनिक स्पोर्टदेवदह-६, पेटवानीया पार्क देवदह-२, लव्ली पार्कदेवदह-१, मदन आश्रृत पार्क देवदह-७, वि.पी पार्क, सहिद स्मृति पार्क देवदह-७, महिला तथा वाल उद्यान पार्क-९, वुद्ध पार्क-१०, केउली पार्क, वैकुण्ठनगर पार्क, कोलिय पार्क खेलकुद मैदान, गौतमबुद्ध मावली पार्क, बोटानिकल गार्डेन-९ लगायतका पार्क र पिक्निक स्थलहरुको संरक्षण र स्तरोन्नति गर्ने कार्यलाई क्रमशः अगाडि बढाउँदै लगिनेछ ।

**शहरी तथा पूर्वाधार विकासः**

६१.तीब्र वसाईसराईको कारण नगरमा जनघनत्व बढिरहेको छ । सिमित श्रोत साधनका बावजुत नगरको योजनाबद्ध विकास मार्फत नगरवासीलाई स्वच्छ, सुरक्षित, सर्वसुलभ सेवा सुविधा प्रदान गर्दै नगरवासीको चाहना र माग अनुसार गुणस्तरीय सेवा उपलब्ध गराई नगरवासीहरुको जीवनस्तरमा सुधार ल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, नेपाल सरकार, प्रदेश सरकारको समन्वय र सहभागितामा विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

५२.भवन निर्माण मापदण्डलाई आगामी आ.व.मा पनि लागू गरिनेछ । सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन निर्माण संहिता सम्बन्धी विषयमा तालिम प्रदान गरी किफायती आवासका नमूनाहरु उपलब्ध गराईनुका साथै भूकम्प प्रतिरोधी घर निर्माणमा प्रोत्साहन गरिनेछ ।

६३.प्रत्येक वडा कार्यालयहरु जोडने सडक आ.व. २०७५/०७६ मा कालो पत्रे गरिने कार्यलाई निरन्तरता दिईनेछ । साथै जिर्ण सडक मर्मतलाई विशेष महत्व दिइनेछ ।

६४.विगत आर्थिक वर्षहरुमा निर्माण भएका र निर्माणधिन सडकहरुको स्तरोन्नति कार्यलाई महत्व दिईनेछ ।

६५.चालु आ.व.मा निर्माणाधिन कोशेली भवनलाई आवश्यक रकम विनियोजन गरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

६६.आ.व. २०७५/०७६ मा निर्माणाधिन ३ वटा वडा कार्यालयहरु (वडा नं. ३, ८ र ११) सम्पन्न गरिनेछ साथै वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन क्रमशः निर्माण गर्दै लगिनेछ ।

६७.नगरभित्रका सडकहरुको सर्भे गरी निश्चित मापदण्ड तयार गरिने छ । साथै MTMP (नगर यातायात गुरुयोजना) परिमार्जन गरी प्रत्येक सडकहरुको डिजिटल नामाकरण गरिनेछ ।

६८.एकीकृत शहरी विकास योजना, आवधिक नगर विकास योजना, भू-उपयोग नीति, भवन निर्माण मापदण्ड, सडक यातायात गुरुयोजना पूर्वाधार विकास गुरुयोजनाका साथै आर्थिक, सामाजिक, साँस्कृतिक योजना तयार गरी सो अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६९.आगामी आ.व. मा प्रारम्भ गर्ने लक्ष्यका साथ रु. ३० देखि ४० करोडसम्मका ठूला आयोजनाको यकिन गरी DPR (विस्तृत परियोजना प्रतिवेदन) तयार गर्ने कार्य अगाडि बढाइनेछ र उक्त योजना प्रदेश र संघीय सरकारसँगको समन्वयमा कार्यान्वयन गरिनेछ।

७०.आवश्यकता एवं प्राथमिकताको आधारमा नगरभित्रका खोला तथा नदीहरुमा कल्भर्ट तथा पूल निर्माण कार्य अगाडि बढाईनेछ । नगरपालिकाको श्रोत र साधनले भ्याउने पुल तथा कल्भर्ट निर्माण गरिनेछ। ठूला पुलहरुको निर्माण कार्य नेपालसरकार र प्रदेश सरकारको समन्वयमा अगाडि बढाईनेछ।

७१.नगरभित्रका कच्चि सडकलाई स्तरीय ग्राभेल र ग्राभेल सडकहरुलाई क्रमशः कालोपत्रे गरिनेछ।

७२.स्वच्छ खानेपानीको सुविधा उपलब्ध नभएका वडाहरुमा आ. व. ०७५।०७६ मा खानेपानी योजना निर्माणका लागि DPR सहित आयोजना कार्यान्वयन गर्ने कार्यलाई अगाडि बढाईनेछ । साथै विद्यमान खानेपानी संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ । नगरवासीहरुलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७३.नगरको विद्युत सेवालाई थप भरपर्दो बनाउनका लागि आवश्यकता अनुसार विद्युत तार, पोल र ट्रान्सफर्मर जडान गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

७४.नगरक्षेत्रभित्रको डुवान समस्यालाई मध्यनजर गरी आवश्यक स्थानमा ढल निकास एवं नाला निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ। सडकका दुवै तर्फ नालि निर्माण कार्यलाई अगाडि बढाईनेछ।

७५.**"स्वास्थ्यका लागि खेलकुद"** भन्ने नाराका साथ नगरभित्रका युवाहरुलाई खेलप्रति आकर्षण बढाउन र खेलको माध्यमबाट नगरको प्रतिष्ठा बढाउन आ.व. ०७५।०७६ मा वडा नं. ५ को पानवारी खेलमैदानलाई रंगशालाको रुपमा र वडा नं. ७ को शितलनगर खेलमैदानलाई क्षेत्रीय स्तरको क्रिकेट मैदानको रुपमा विकास गर्न DPR तयार गरी निर्माण कार्यको लागि प्रदेश सरकारलाई अनुरोध गरिनेछ साथै खेलकुद विकासका लागि जिल्ला खेलकुद विकास समितिसँगको समन्वय र सहकार्यमा खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ। नगर स्तरीय खेलकुद समिति गठन गरिनेछ। "एक वडा एक खेलकुद मैदान"लाई अगाडि बढाईनेछ।

७६.नगरक्षेत्रभित्र घर नक्शा पासमा जग्गाको प्रकृति नमिलेर देखिएको समस्या समाधान गर्न हाल साविक वा पुनः नापी गर्ने कार्यलाई सम्बन्धित सरोकारवाला निकायमा अवश्यक पहल गरिनेछ । अव्यवस्थित बसोबास, सुकुम्बासी, राष्ट्रिय आवास कम्पनीको नाममा रहेको जग्गाको पुर्जा प्राप्तीका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।

७७.नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण र संवर्द्धन गरिनेछ।

७८.नगरपालिकामा रहेका छाडा चौपाया व्यवस्थापनका लागि छाडा चौपाया नियन्त्रण अभियान सञ्चालन गरिनेछ । यस कार्यका लागि निजी तथा धार्मिक संघ संस्थासंग सहकार्य गरिनेछ । गौशालाको पूर्वाधार निर्माणमा आवश्यक सहयोग गरिनेछ।

७९.ठूला पूर्वाधार अन्तर्गत दुई स्थानीय तह जोडने सडक तथा पुल निर्माणका लागि प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी कार्यक्रमलाई अगाडि बढाईनेछ।

**वन तथा वातावरण :**

८०.नगरक्षेत्रभित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा **वातावरणमैत्री स्थानीय शासन** कार्यक्रमका सूचक अनुसार कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

८१.सार्वजनिक र खाली जग्गामा वृक्षारोपण गर्न सामुदायिक वन, सेक्टर वन, इलाका वन कार्यालयसंग साझेदारी कार्यक्रम अगाडि बढाइनेछ ।

८२.**"एक घर दुई विरुवा"**को अभियान सञ्चालन गरी नगरलाई हरियाली एवं वातावरणमैत्री बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८३.नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । टोल विकास संस्थाको सहकार्यमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापनको कार्य अगाडि बढाइनेछ ।

८४.बुटवल उपमहानगर पालिकासँगको सहकार्यमा फोहरमैला प्रशोधन केन्द्र निर्माण कार्यका लागि पहल गरिनेछ ।

**८५.**आगामी आ.व.देखि फोहोरलाई स्रोतमा वर्गिकरण गरी गल्ने र नगल्ने छुट्टयाई फोहोर उत्पादनको मात्रालाई कम गर्ने र वैज्ञानिक व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम अनुरुप कार्य प्रारम्भ गरिने लक्ष्य लिइएकोछ । टोल विकास संस्थालाई थप रकम विनियोजन गरी फोहर संकलन र व्यवस्थापन कार्यमा सहयोगको लागि अनुरोध गरिनेछ । साथै फोहोरमैला व्यवस्थापनका लागि स्थायी ल्याण्डफिल्ड साइटको संभाव्यता अध्ययन गरिनेछ ।

८६.भू-संरक्षण, भू-क्षय नियन्त्रण, चुरे क्षेत्र तथा तटीय वस्ती संरक्षणका लागि नदि तथा खोलामा तटबन्ध निर्माण एवं नदि नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ ।

८७.नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिसंगको साझेदारीमा (PPP Model अनुसार) सामुदायिक वनमा आधारित आय आर्जनसंग सम्वन्धी पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८८.नगरक्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र गाउँवन समन्वय सञ्जालले वन वातावरण संरक्षणका लागि सञ्चालन गरेको डढेलो मुक्त देवदह अभियानलाई प्रोत्साहन गरिनेछ ।

८९.ठूला उद्योगहरुले वातावरणलाई पार्न सक्ने असरलाई मध्यनजर गर्दै नयाँ स्थापना हुने उद्योगहरुलाई तोकिएको निश्चित स्थानमा मात्र स्थापना गर्न सिफारिस गर्ने र स्थापना भईसकेका उद्योगहरुको हकमा वातावरण प्रदुषणलाई न्युन गर्न आवश्यक प्रविधि एवं उपकरण जडान गर्न लगाईने छ ।

**महिला, बालबालिका, आदिवासी जनजाति, दलित, युवा, मधेसी, मुस्लिम, अल्प संख्यक, जेष्ठ नागरिक तथा समाजकल्याण :**

९०.महिला तथा बालबालिका, आदिवासी जनजाति, दलित, युवा, मधेसी, मुस्लिम, अलप संख्यकको क्षमता अभिवृद्धि गर्न सिपमूलक एवं आय आर्जन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ । महिला र बालबालिकामा हुने दुर्व्यवहार निराकरणका लागि चेतनामूलक कार्यक्रम, ब्रोसर, पम्पलेट, जिगंल उत्पादन गरी प्रचार प्रसार गरिनेछ ।

९१.लैंगिक हिंसा लगायत वालविवाह, बहुविवाह, वालश्रम न्यूनीकरणका लागि विशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९२.बालमैत्री नगरपालिका घोषणा गर्न उल्लेखित सूचकहरु पुरा हुने गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै वालकोषको स्थापना गरी कार्यविधि कार्यान्वयन गरिनेछ ।

९३.सबै सरकारी संरचनाहरुलाई अपांगमैत्री, बालमैत्री र महिलामैत्री बनाइनेछ ।

९४.नगर स्तरीय बाल संजाल र वालक्लबको क्षमता विकासका लागि आवश्यक तालिम एवं अध्ययन अवलोकन भ्रमणका कार्यक्रम संचालन गरिनेछ ।

९५.जेष्ठ नागरिकहरुको सम्मान स्वरुप जेष्ठ नागरिक स्वास्थ्य शिविर संचालन गरिनेछ । साथै जेष्ठ नागरिक मिलन केन्द्र स्थापनामा पूर्णता प्रदान गरिनेछ ।

९६.जातीय विभेद न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

९७.नगरभित्र रहेका दाहसंस्कार स्थलहरुको स्तरोन्नति तथा आवश्यक स्थानमा नयाँ दाह संस्कार स्थलहरु निर्माण गर्दै लगिनेछ ।

९८.किशोर किशोरीहरुका लागि प्रजनन तथा यौनस्वास्थ्य सम्बन्धि विषयमा चेतना अभिवृद्धि गराईनेछ । समतामूलक समाज निर्माणमा किशोर-किशोरीहरुको भूमिका सम्बन्धमा चेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

९९. युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न प्रविधिमूलक एवं आयआर्जनसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।

१००.द्वन्द्व पिडित अपाङ्ग र एकल महिला लक्षित आयमूलक र सीपमूलक कार्यक्रम संचालन गरिनेछ ।

**गरिवी न्युनीकरणः**

१०१.गरिवी न्युनीकरणका लाीग सामाजिक परिचालन कार्यलाई निरन्तरता दिईनेछ । टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । यस कार्यमा गैरसरकारी संघ, संस्थासँगको समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ ।

१०२.कृषि सहकारीको माध्यमबाट आयआर्जन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०३.सहकारी संस्थाहरुको सुदृढिकरण, विकास र प्रवर्द्धनका लागि नियमित अनुगमन र नियमनको व्यवस्था मिलाइनेछ ।

**भाषा, साहित्य, कला र संस्कृतिः**

१०४.नगरक्षेत्रमा प्रचलित भाषा, संस्कृति, कला र साहित्यको संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१०५.नगरभित्रका उत्कृष्ट कलाकारहरुको पहिचान गरी क्षमता विकास गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

१०६.आदिवासी, जनजाति, थारु, दलित तथा अन्य लोपोन्मुख जातिहरुको भाषा र संस्कृति संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरी स्थानीय कला र संस्कृतिलाई आर्थिक आय आर्जनसँग सम्बद्ध हुने गरी कार्यक्रम संचालन गरिनेछ ।

**सूचना तथा संचार :**

१०७.स्थानीय सञ्चार माध्यम,एफ.एम.रेडियो र टेलिभिजनको संस्थागत विकासका साथै संचार कर्मीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**संस्थागत विकासः**

१०८.नगरपालिकाको मुख्य प्रशासनिक भवनमा सि.सि.टिभि जडान गरिनेछ । विद्युतिय नागरिक वडापत्र र ई-हाजिरी जडान गरी प्रविधिमैत्री बनाईनेछ ।

१०९.जनतालाई स्थानीय प्रशासनको प्रत्याभूति दिलाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

११०.कर्मचारीहरुको क्षमता अभिवृद्धि र वृत्ति विकासका साथै उच्च मनोवल कायम राख्न तालिम, अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

१११.जनप्रतिनिधिहरुलाई स्थानीय शासन संचालन सम्बन्धि क्षमता विकासका लागि तालिम लगायत अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११२.नगरपालिकाद्धारा संचालित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा प्रचार प्रसार र प्रशारण गर्ने संचारकर्मीहरुलाई वार्षिक रुपमा पुरस्कृत गर्ने परिपाटिको थालनी गरिनेछ ।

११३.आगामी आ.व.मा टोल विकास संस्थाको थप व्यवस्थापन र संचालनको लागि सहयोग स्वरुप थप रकम विनियोजन गरिनेछ ।

**न्यायीक समिति :**

११४.न्यायीक समितिको कार्यलाई थप प्रभावकारी बनाउन इजलास लगायतका पूर्वाधारको निर्माण गरिनेछ ।

११५.मेलमिलापकर्ता नभएका वडाहरुमा मेलमिलापकर्ताहरु छनौट गरी तालिम प्रदान गरिनेछ ।

**विपद् व्यवस्थापन :**

११६.नगरपालिकामा विपद् व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष स्थापना भैसकेको छ । यसलाई निरन्तरता दिईनेछ र व्यवस्थित गरि संचालन गरिनेछ । विपद् व्यवस्थापन पूर्व तयारी, राहत तथा उद्धार र प्रतिकार्य योजना बनाई सो सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ । साथै विपद् व्यवथापन कार्यविधि तयार गरि लागू गरिनेछ ।

**योजना तर्जुमा :**

११७.योजना तर्जुमालाई सहभागितामूलक बनाईनेछ । योजना तर्जुमा प्रक्रियामा Buttom Up Approach प्रणालीलाई प्रभावकारी बनाई योजना तर्जुमामा सबैको अपनत्व बढाउदै लगिनेछ ।

११८.उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११९.शुन्य पेश्की अवलम्वन गर्ने नीतिलाई निरन्तरता दिदैं योजना संचालनमा बेरुजुको रकम क्रमशः कम गर्दै लगिनेछ ।

१२०.आ.व. २०७५।०७६ का योजनाहरु संचालन गर्ने क्रममा पौष मसान्तभित्र योजना सम्झौता सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक नीति अवलम्वन गरिनेछ । साथै बैशाख मसान्तभित्र वडाका सम्पूर्ण योजनाहरु सम्पन्न गर्ने उपभोक्ता समिति र वडालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

**आन्तरिक राजस्व :**

१२१.नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका दायराहरुलाई फराकिलो पार्दै लगिनेछ ।

१२२.स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम आगामी आ.व.देखि एकिकृत सम्पत्ती कर लागू गरिनेहुँदा सोको लागि चालु आ.व.देखिनै समुदायस्तरमा जानकारीमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२३.नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको विक्री र निकासी शुल्कलाई आवश्यक नीति तय गरी थप व्यवस्थित गर्दै लगिने छ ।

१२४.नदीजन्य पदार्थको उत्खनन्, संकलन र ओसार पसार कार्यको दुरुपयोग हुन नदिन अनुगमन कार्यविधि तय गरी लागु गरिनेछ ।

**शान्ति सुरक्षा व्यवस्थापनः**

१२५नगरक्षेत्रभित्रको शान्ति सुव्यवस्था कायम गर्न नेपाल सरकारसंगको समन्वयमा नगरको उपयुक्त स्थानमा **क** वर्गको इलाका प्रहरी कार्यालय स्थापनाका लागि पहल गरिनेछ ।

१२६.यस क्षेत्रभित्र रहेका जनपद प्रहरी चौकी र सशस्त्र प्रहरी वललाई थप व्यवस्थित गर्दै लगिने छ ।

१२७.भलुही, खैरेनी, ढेकावार र शंकरपुर लगायतका आवश्यक स्थानहरुमा प्रहरी चौकी वा प्रहरी विट स्थापनाको लागि पहल गरिनेछ ।

१२८.संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था र नगरपालिकाको आर्थिक क्षमतालाई दृष्टिगत गर्दै आवश्यक संख्यामा  नगर प्रहरीको व्यवस्था गरिनेछ ।

**विविध :**

१२९नगरभित्र उद्यमशिलताको विकासलाई प्रश्रय दिन र रोजगारी सिर्जना गर्न उपयुक्त स्थानको छनौट गरी एक उद्योग ग्राम स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१३०.बजार अनुगमन निर्देशिका अनुसार आगामी आ.व.को साउन महिनादेखि बजार अनुगमनको कार्य नियमित रुपमा अगाडि बढाईनेछ ।

१३१.नगरक्षेत्रभित्र भएका हाटबजारको भौतिकपूर्वाधारको स्तरोन्नती गर्दै सेड निर्माण कार्यलाई क्रमशः अगाडि बढाउँदै लगिनेछ ।

१३२.देवदह नगरपालिका वडा नं ९ मा रहेको प्रर्दशनी स्थलको संरक्षण एवं संवर्द्धन कार्यलाई अगाडि वढाइनेछ ।

आ.व.२०७५/०७६ का लागि प्रस्तावित नीति तथा कार्यक्रम तपशिल बमोजिमका वजेटशिर्षक बमोजिम संचालित हुनेछन् ।

**तपशिलः**

| **क.सं.** | **विवरण** | **रकम (रु. हजारमा)** | **रकम (रु. हजारमा)** |
|---|---|---|---|
| १ | नेपाल सरकारबाट प्राप्त अनुदान | | ३८,९८,४७ |
| | क. वित्तिय समानीकरण अनुदान | १४,५४,०० | |
| | ख. सर्शत अनुदान | १५,०६,०० | |
| | ग. राजश्व बाँडफाँड | ९,३८,०५ | |
| २. | सामाजिक सुरक्षा कार्यक्रम अनुमानित | | ८,००,०० |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २,५३,१४ |
| | क. वित्तिय समानीकरण अनुदान | ४७,९० | |
| | ख. सर्शत अनुदान | ७५,०० | |
| | ग. राजश्व बाँडफाँड | १,३०,२४ | |
| | पूर्वाधार क्षेत्र विकास कार्यक्रम | | ७५,०० |
| ४. | आन्तरिक आम्दानी अनुमानित | | ६,००,०० |
| ५. | चालु आ.व.को मौज्दात अनुमानित | | ५,८१,८९ |
| **जम्मा** | | | ६२,०८,५० |

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम देवदह नगरपालिकालाई **"समृद्ध नगर बनाउने मार्गदर्शक दस्तावेज"** हो । नगरलाई समृद्ध बनाउन नगरबासी सबैको भूमिका महत्वपूर्ण छ । प्रस्तुत नीति तथा कार्यक्रम सरकारी, गैर सरकारी, नीजि, सहकारी लगायत सरोकारवाला निकाय र विकासका सबै साझेदारहरुको लागि मार्गचित्र हो । नगरपालिकालाई विकासको दृष्टिकोणले नमुनायोग्य र समृद्ध बनाउन हामी दत्तचित्त भएर लागेका छौं । नगरको विकास सबैको विकास हो त्यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन र रचनात्मक सुझाव र सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं । नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई हामी सदैव ग्रहण गर्नेछौं । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयमा सम्पूर्ण सरकारी निकाय र कर्मचारीहरु, राजनीतिक दलहरु, विभिन्न संघ-संगठनहरु, गैर सरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव,

सहभागिता र सहयोग प्राप्त हुनेमा विश्वस्त हुँदै यस सम्मानित नगरसभाबाट नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने अपेक्षा सहित विदा लिन्छु ।

धन्यवाद ।

मिति : २०७५/०३/१० गते